Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.

परिवर्तनको लागि
क्राईम अपरेशन
CRIME OPERATION
साप्ताहिक

पानीको सही सदुपयोग गरौं । पानी महसुल समयमै तिरी अनावश्यक जरिवाना बाट वचौं ।

नेपाल खानेपानी संस्थान शाखा कार्यालय देवकोटा चौक विराटनगर

❑ वर्ष ८ ❑ अंक २९ २०७६ फाल्गुण ४ गते आईतवार Sunday 16, FEB, 2020 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

# विराट एक्स्पोमा शनिवार दर्शकको घुईचो

विराटनगर । 'आर्थिक विकासको मूल आधार, कृषि, पर्यटन, उद्योग र व्यापार' नाराका साथ प्रदेश नं. १ को विराटनर महानगर पालिका वडा नं. २ स्थित शंकरपुरमा उद्योग संगठनले आयोजना गरेको विराट एक्सपो मेलामा शनिवार दर्शको घुईचो लागेको थियो ।

भेलाईन टाईन डेकोका अवसर पारेर माघ २ गते शुक्रवार समुद्घाटन गरीएको थियो । विराट एक्स्पो कृषि तथा औद्योगिक अन्तराष्ट्रिय प्रदर्शनी' मा प्रदेश नं. १ का विभिन्न जिल्ला र प्रदेश नं. २ को सप्तरी, सिरहा र भारतको विहारवाट प्रदेर्शनी हेर्न आएका थिए ।



विराट एक्सपोको जानकारी गराउदै उद्योग संगठनका अध्यक्ष भीम घिमिरे लगायतका अतिथीहरु

मेला अवलोकन गर्न आन्तरिकका साथै भारतको विहारबाट समेत आएका छन् । प्रचार-प्रसार संयोजक नन्दु राठीका अनुसार दुई दिनमा करिब ४० हजारभन्दा बढीले मेला अवलोकन गरेको बताउदै 'दुई दिनमा हामीले अपेक्षा गरेको भन्दा बढीले मेला अवलोकन गर्न आए ।' वहांको भनाई थियो ।

मेलामा हात्तीमा चढेर रमाइलो गर्ने, हात्तीसंग सेल्फी खिच्नेहरुको भिड लाग्नुका साथै मेलामा कपडाका साथै भान्सामा प्रयोग हुने समान किन्नेको पनि त्यतिकै धेरै भीड रहेको थियो ।

मेलाको मुख्य आकर्षण हेलिकोप्टरबाट विराटनगर बजारको दृश्यावलोकन गर्ने धेरै रहेका थिए ।

वांकी अन्तिम पेजमा...

# भाषा संरक्षण हुनुपर्छ : परियार

विराटनगर । प्रदेश नं. २ का प्रदेश प्रमुख तिलक परियारले नेपाल बोलिने सवै भाषा-भाषी, सबै किसिमको संस्कृति, पहिरण र जातिय खानेकुराहरुको संरक्षण र सम्वर्द्धन हुनु पर्नेमा जोड दिएका छन् ।

प्रदेश नं. २ को लहानमा भएको एक दिने मगही भाषा अभिलेखिकरण गोष्ठीमा सो कुरा वताउंदै संविधानले सवै जात-जाति, भाषा-भाषीलाई भेदभाव गरेको छैन् त्यसैले संविधानको मर्म अनुसार सवैको भाषालाई संरक्षण गर्नु संघिय, प्रदेश र स्थानीयको जिम्मेवारी भएको भन्दै प्रदेश नं. २ मा तथ्यांक अनुसार मैथली भाषा भाषी बढी भएको तर मगही भाषा भाषीहरुले सव भन्दा वढी मगही वोलिने गरेको भन्दै प्रदेशको भाषा मगही माग गरेको अवाजहरु उठ्दै आएको छ । त्यसैले मगही भाषा भाषीहरुले आफ्नो भाषाको प्रचार प्रसार गरी तथ्यांकमा पनि लेखाउन अग्रसर हुनुपर्ने वताएका थिए ।

त्यसै गरी नेपालको २०६८ को जनगना अनुसार करीब ३५ हजार मात्र मगही भाषा बोल्नेको तथ्याङ्क रहेकोले सो जनगणना पुर्ण रुसमा त्रुटी रहेको मगही भाषा अध्ययन केन्द्रका अधयक्ष मनाई महतोले बताउनु भयो । उहाँले प्रदेश नम्बर- २ मा मात्र मगही भाषा बोल्नेको संख्या ४० लाख रहेको दाबी गरेका दावी गरेका छन् ।

भाषा आयोगका अध्यक्ष लबदेव अवस्थीले नेपालमा वोलिन १ सय २८ भाषा रहेकोले ती सवैलाई आयोगले समान रुपमा व्यवहार गर्ने र मगही भाषाको विकास गर्नका लागि आयोग तयार रहेको र सोका लागि मगही

वांकी अन्तिम पेजमा...

# मूर्ति चोरी गर्ने पराजुली पक्राउ

विराटनगर । प्रदेश नं. १ को रंगेली नगरपालिका वडा नं.७ मा रहेको संस्थारी माई स्थनमा रहेको मूर्तिहरु चोरी गरेको आरोपमा रंगेली नगरपालिका वडा नं. ३ को भूवन पराजुलीलाई प्रहरीले पक्राउ गरेको छ ।

घटनाको विवरण अनुसार माघ २२ गते बुधवार राती संसारीमाई स्थनमा मन्दिरको कम्पाउण्ड नाघेर अज्ञात मानिस मन्दिरमा प्रवेश गरी संसारीमाताको मुर्तिको टाउकोमा लगाउने चाँदीको मुकुट, छत्र, त्रिशुल, सिक्री र पित्तलको गणेश र छोटी माताको पुरानो मुर्ती लगायतको सामानहरु चोरी भएको थियो ।

सो चारीको अनुसन्धानको लागि प्रहरी टोलीले अनुसन्धान गर्दा मंन्दिरमा जडान गरेको सिसि क्यामेरा फुटेज तथा अन्य प्राविधिक प्रविधी प्रयोग गरी चोरी गर्ने मानिसहरुलाई पत्ता लगाउने क्रममा वारदातमा प्रयोग भएको ज १२ प ५४६८ नम्वरको मोटरसाईकल प्रयोग भएको थियो ।

उक्त मोटर साईकल मोरङ रंगेली मोरङ रंगेली नगरपालिका वडा नं. ३ को भुवन पराजुलीको घर आगनमा पार्किङ गरी राखेको अवस्थामा फेला पारी तत्काल निजको घरकोठा खानतलाशी गर्दा चोरी भएको सामानहरु मध्ये संसारी माताको मुकुट, पित्तलको गणेश र छोटीमाताको पुरानो मुर्ती लगाएतका निम्न धन मालहरु पराजुली सुत्ने कोठाको काठको लोवेडको मुनी हरियो राखिएको करीब ११ लाख ३५ हजार बराबर मुल्यको समानहरु बरामद भएको थियो ।

संसारीमाताको मुर्तीको टाउकोमा लगाउने चाँदीको मुकुट थान १, छत्र थान १, त्रिशुल थान १, र पित्तलको गणेश र छोटीमाताको पुरानो मुर्ती थान २, पित्तल र फलामको त्रिशुल थान २ त्यसैगरी । ज १२ प ५४६८ नं. को मोटरसाईकल, वारदातमा लगाएको लुगाहरु २३ लेखेको रातो रंगको उनिको टोपी थान १, प्रेसिडे लेखेको झोला थान १, पत्त लेखेको

वांकी अन्तिम पेजमा...

# प्रेमिकाको हत्या गरेको आरोपमा एक प्रेमी प्रहरीको फन्दामा

विराटनगर । प्रेमीकाको हत्या गरी विराटनगर महानगर पालिका वडा नं. १२ महलनुवा पश्चिम रिङरोड पश्चिम उखुबारीमा फलिएको आरोपमा त्यसैको प्रेमी प्रेमी सुरेन्द्र साहलाई प्रहरीले पक्राउ गरेको छ ।

घटनाको विरवरण अनुसार मोरङ विराटनगर महानगरपालिका वडा नं. १२ मलहनुवा पश्चिम रिङरोडबाट पश्चिम उखुबारीमा एकजना महिला मृत अवस्थामा छ भन्ने स्थानिय ब्यक्तिबाट खवर आएपछि जिल्ला प्रहरीकार्यालय मोरंगवाट प्रहरी उपरीक्षक टोलीले अनुसन्धन शुरु गरेको थियो ।

उक्त महिलाको फोटो जिल्ला प्रहरी कार्यालय मोरङको फेसबुक पेज, प्रहरी संचार, टेलिभिजन, एफ. एम. लगायतका सञ्चार माध्यमबाट हुलिया परिपत्र गरेपश्चात उक्त महिला जिल्ला सुनसरी दुहवी नगरपालिका वडा नं. ६ कालीमन्दिर चोक बस्ने बसन्त परियारकी श्रीमती बर्ष ३२ की सम्झना खत्री परियार रहेको खुल्न खुल्न आएको थियो । परियारको श्रीमानले शव समेत पहिचन गरी सकेको थियो ।

जिल्ला सप्तरी कृष्णश्रवण गाउँपालिका वडा नं. ३ मट्टीगढा घर भई हाल बुढिगंगा गाउपालिका वडा नं. ३ पोठियामा डेरा गरी बस्ने क्वालिटी नुडल्स फ्याक्ट्रीमा स्टोर ईन्चार्जको रूपमा कार्यरत सुरेन्द्र प्रसाद साह मृतक सम्झना खत्री परियार वीच ३ वर्ष देखि प्रेम सम्वन्ध रहेको आएको थियो ।

माघ २१ गते मंगलबारको दिन मृतक सम्झना खत्री परियार र सुरेन्द्र साहको फोन सम्पर्क नभएपछि

वांकी अन्तिम पेजमा...

सूचना सूचना सूचना

यहि फल्गुण ६ गते देखि २४ गते सम्म मोरंग जिल्लामा संचालन हुने राष्ट्रिय दादुरा तथा रुबेला खोप अभियानमा ९ महिना देखि ५ वर्ष मुनिका सम्पुर्ण बाल-बालिकाहरुलाई आ-आफ्नो वडाको खोप केन्द्रमा लगी खोप लगाऔं साथै जन्मे देखि ५ वर्ष मुनिका बालबालिकाहरुलाई पोलियो थोपा खुवाई अपांग हुन तथा रोग लाग्नबाट बचाऔं ।

स्वास्थ्य कार्यालय मोरंग
प्रदेश नं. १ विराटनगर

SUKRATARA FURNITURE UDYOG
BIRATNAGAR
9842033365
9805391277



All types of Fabrication, Furniture, Prefab, Truss are available.
Email Id: chattdev007@gmail.com

Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.

## राजवंशी...

पनि पाएका छैन ।राजवंशी जातिको पहिचान र सस्कृति लोप हुन गइरहेको छ ।पहिचान र सस्कृतिहरुलाइ लोप हुन् बाट जोगाउन का लागि भेला गर्दै आएको छ

विराट राजवंशीको हुने बृहत भेलामा निम्न माग हरु उठाउने भएको छन् । विराट राजवंशीलाई आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानमा सुचिकृत गर, प्रदेश न. १ लाई "विराट प्रदेश " घोषणा, राज्यको हरेक अगमा विराट राजवंशीको स्थान सुनिस्चित गर । विराटनगर महानरपालिकाका तत्कालीन कटहरि गाउँपालिका, जहदा गाउ पालिका र बुढिगगा गाउँपालिकाका क्षेत्रलाई "विराट राजवंशी स्वायत परिषद " को व्यवस्था गर, राष्ट्रिय जनगणना आयोग तथ्यांक विभागमा सुचिकृत उन्मुख जातिहरुको अलगै अभिलेखको व्यवस्था गर, भेडियारि स्थित विराट राज दरवार क्षेत्रको सरक्षण एवम् सम्वर्धन गरि पर्यटकिय क्षेत्रको रूपमा विकास गर लगायतका छन् ।

मागहरु लाई पूरा गर्ने उदेश्यले २०७६ फाल्गुन ६ गते १३ औ बृहत भेला गर्न गइरहेका भन्दै सो भेलामा विराट राजवंशीको भव्य र सभ्य भेला लाई आफ्नो जातीय भेषभुषा , सास्कृतिक पहिचान झल्काउने जूलूस झाकी सहित सम्पुर्ण विराट प्रेमी दाजुभाइ, दिदिबहिनी, शिक्षक, कर्मचारी, व्यपारी, राजनीतिकज्ञ, किसान, विधार्थी, युवायुवती, कलाकार बृद्बबृद्वा तथा शुभ चिन्तक इष्टमित्रहरुलाइ सहभागी हुन अह्वान समेत गरको छ

## विराट एक्स्पो...

होराइजन होलिडेले हेलिकोप्टरको व्यवस्थापन गरेको छ। उसले मेलाबाट पाथीभरा दर्शनको ५० हजार, हलेसी दर्शनको ४५ हजार र विराटनगर बजार दृश्यावलोनको ७ हजार ५ सय रुपैयाँमा सेवा प्रदान गर्दै गरेको आयोजकले वताए ।

त्यसैगरी राष्ट्रिय र स्थानीयस्तरका कलाकारको साागीतिक प्रस्तुति, फेसन शो गर्दै आएका छन् । नोबेल मेडिकल कलेज मुख्य प्रायोजक रहेको मेला फागुन १० गतेसम्म सञ्चालन हेने मेलामा दैनिक उपभोग्य वस्तु, कृषिजन्य उत्पादन, लत्ताकपडा तथा मनोरञ्जनका सामग्री, खानाका स्टल प्रदर्शनीका लागि राखिएको छ ।

एक्स्पोमा ज्येष्ठ नागरिकलाई नि:शुल्क प्रवेशका साथै सर्वसाधारणलाई ५० रुपैया र विद्यार्थीलाई २५ रुपैयाँ प्रवेश शुल्कको व्यवस्था गरिएको छ ।

प्रदर्शनीमा ३ सय ४० स्टल जसमा ४० स्टल विदेशी मुलुकका हुनेछन् । एक्स्पोमा कृषि, घरेलु तथा हस्तकलाका ६०, औद्योगिक उत्पादनका १६०, अटोमोवाईल्सका ३८, खाद्यान्नका १२, वैंक तथा वित्तिय सस्था, सूचना तथा जनचेतामूलक २० र खानेकुराका १० स्टल रहने संयोजक दुलालले जानकारी दिए ।

नौ दिन सम्म चल्ने प्रर्दशनी मेलामा नेपालका बिभिन्न जिल्ला र भारतका गरी करिव ३ लाख दर्शकले अवलोकन गर्ने आयोजकको अनुमान छ ।

## मूर्ति...

दुवै हातमा लगाउने हाफ पञ्जा थान २ , नेकेट एक्सप्रेस लेखेको खैरो कालो रंगको उनचुईटर ( पत्लो ज्याकेट) थान १, हरियो रंगको जिन्स पेन्ट थान १ बरामद भएको थियो ।

पक्राउ परेको भूवन पराजुलीमाथि थप अनुसन्धन भई रहेका प्रहरीले जनाएको छ ।

## प्रेमीकाको...

परियारलाई भट्न दुहवी जाँदा घरमा कोही नरहेको घरमा ताल्चा लागेको पछि साह सुरेन्द्र साहले खोज्दैजादा बाँसबारी चोक अगाडि सम्झना खत्री परियारलाई आफ्नो मोटर चढाई बाँसबारी चोकबाट विराटनगर महानगरपालिका वडा नं. १२ मलहनुवा रिङरोड छेउमा मोटरसाईकल रोकी गफगाफ गर्ने समयमा विवाद भई रिसको आवेगमा प्रेमी सुरेन्द्र साहले मृतककै सल घाँटीमा बेरी तान्दै उखुबारीमा ' धारिलो बाँसका भाटा प्रयोग मारेको थियो ।

घटनामा प्रयोग भएको मोटर साईकल र दुई थान मोटर साईकल समेत वरामद गरी सुरेन्द्र साह माथि कर्तब्य ज्यान सम्बन्धी मुद्दामा थप अनुसन्धान गरी भई रहेको जिल्ला प्रहरी कार्यालय मोरंगले जनाएको छ

## भाषा...

भाषा भाषा भाषीहरुले तथ्यांक, शब्दकोष, लिपी, कथा, कविता, लेख रचनाहरुको संकलनमा ध्यान दिनु पर्ने वताएका थिए ।

मगही भाषा 'पिछडाबर्गका ३६ जाती, दलित समुदायका १७ र जनजाती समुदायका २ वटा जाती मगही भाषा बोल्ने गरेको मगही अभियन्ताहरुले दावी गरेका छन् । सो अवसरका बोल्ने गरेको उनले भने । पुर्व मन्त्री लक्ष्मण मेहता, लगायतको उपस्थिति रहेको थियो । सो गोष्टीको समन्वय मगही फाउन्डेशनका अध्यक्ष वीर वहादुर महतोले गरेका थिए भने भाषा आयोगको आयोजनामा भएको थियो ।

## मदिरा तथा पेय पदार्थको चोरी

विराटनगर । मोरङ सुन्दरहरैचा नगरपालिका वडा नं. ५, बाँसबारी चोक स्थितमा रहेको साथी सप्लायर्स मदिरा पसलमा चोरी गरेको आरोपमा दुई जनालाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

माघ २४ गते राती गोदामको ताल्चा फुटाइ गोदममा रहेको बिभिन्न ब्राण्डका मदिरा तथा पेय पदार्थ चोरी भएको सम्वन्धमा प्रहरी चौकी गछीयाबाट प्रारम्भिक अनुसन्धान गर्दा सो चोरीको मदिरा धुर्वसिंह तामाङको घरमा लुकाइ राखेको अवस्थामा फेला परेको थियो ।

सिंहको घरमा प्रिमियम एसी न्यमि ३ कार्टुन, हिन्वा बारवेरी गोल्डेन रिसपेवरी २ काटुन हिवा गोल्डेन १ कार्टुन, एसी ब्लेक १ कार्टुन, ब्लु स्टार १ कार्टुन, गोल्ड रिङ्ग, २ कार्टुन, कोका कोला ३ प्याकेट बरामद भएको थियो । सो समानको अनुमानीत मुल्य ७० हजार रहेको थियो ।

सो चोरीमा संलग्नसुन्दरहरैचा नगरपालिका वडा नं. ५ धुर्व सिंह तामाङ, मनिश राईलाइ नियन्त्रणमा लिइ ईप्रका बेलबारीबाट थप अनुसन्धान कार्य भई रहेको इलाका प्रहरी कार्यालय बेलवारीले जनाएको छ । ।

**धुम्रपान र मध्यपान आजै देखि त्यागौं र निरोगी रहौं ।**

## नोवेलले भित्र्याएको नयाँ प्रविधीको निरक्षण



विराटनगर । पूर्व प्रधानमन्त्री एवं नेकपाका बरिष्ठ नेता माधव कुमार नेपालले नोबेल शिक्षण अस्पतालको निरीक्षण गरेका छन् । अस्पतालमा उपचाररत बिरामीहरु सँग कुराकानीसहित नेता नेपालले न्यूरो र कार्डियोमा नोबेलले भित्र्याएको नयाँ प्रबिधिको निरीक्षण गरेका छन् ।

विराटनगर कंचनवारीमा रहेको नोबेल अस्पतालका सञ्चालक डा.सुनिल शर्मा, अस्पताल निर्देशक डा.राजेश नेपाल लगायतले नेता नेपाललाई अस्पतालका बिभिन्न कक्षसहित अत्याधुनिक उपकरणाको अवलोकन गराएका थिए । नेता नेपालले दक्षिण पूर्वी एशियामै पहिलो पटक नोबेलले सुरु गरेको अत्याधुनिक न्यूरो सर्जरी सेवा, शल्यक्रिया कक्ष, थ्री तेस्ला इन्ट्राअपरेटिभ फंङ्सनल एमआर आइ, ओपन हार्ट सर्जरी आइसीयू कक्ष लगायतको अवलोकन गरेका थिए ।

निरीक्षणपछि सञ्चारकर्मीसँगको कुराकानी गर्दै नेता नेपालले नोबेलमा राम्रो उपचारका कारण बिरामीहरुको चाप बढीरहेको पाएको प्रतिक्रिया दिए । 'बिरामीहरु सन्तुष्ट भएको पाईयो । नोबेलले उपचारमा नयाँ-नयाँ उपकरण ल्याएको रहेछ । यहाँको भीड हेर्दा पक्कै पनि नोबेलले राम्रो उपचार गर्दो रहेछ भन्ने लाग्यो ।' नेता नेपाललेको भनाई थियो ।

अस्पतालहरुले राम्रो उपचार गरेर बिरामीलाई सन्तुष्ट बनाउँनुपर्नेमा जोड दिदै नेता नेपालले नोबेलमा अत्याधुनिक उपकरणको प्रयोग गरेर बिरामीको उपचार भईरहेको देख्दा खु:शी लागेको बताए । सो अवसरमा नेता नेपालले नोबेलमा उपचाररत नेकपाका स्थानीय नेता कृष्ण बोगटी लगायतको स्वास्थ्य अवस्था जानकारी लिएर सिघ्र स्वास्थ्य लाभको कामना व्यक्त गरेका छन् ।

## स्वास्थ्य कार्यालय मोरंगको हार्दिक अनुरोध

हात्तिपाईले रोग निवारणमा आम औषधि सेवनको अभियान
हरेक महानुभावको सक्रिय सहभागिता हाम्रो हाम्रो अभिह्वान

- लामखुट्टेको टोकाईवाट सर्ने हात्तीपाइले रोग निवारणका लागि यहि माघ २५ गते देखि तालिम प्राप्त स्वास्थ्यकर्मीहरुबाट हात्तीपाइले रोगका औषधी डिइसी र अलवेण्डा जोल खुवाउने कार्यक्रममा सहभागि हुन् हार्दिक अनुरोध गर्दछौ । यी दुबै औषधीहरु वर्षौ देखि उपचारमा प्रयोग भई रहेको सुरक्षित औषधी हुन् । विश्वमा अर्वौ मात्रा र नेपालमा पटक-पटक गरी ८ करोड भन्दा बढी मात्रा सेवन भई सकेको छ ।
- हात्तीपाईले रोगको औषधी दुई वर्ष पुरा नभएका बालबालिका, गर्भवत्ती महिला, सात दिन सम्मका सुत्केरी, सिकिस्त विरामी र छारेरोग भएका विरामीले खानु हुँदैन । खाली पेटमा पनि औषधी नखान हार्दिक अनुरोध गर्दछौ ।
- शरिरमा परजीबी भएमा हात्तीपाइलेको औषधी खाएपछि कसै-कसैलाई सामान्य टाउको दुख्ने, वाक-वाकी लाग्ने हुन सक्छ । यी सामान्य असर समयमा नै हराएर जान्छ ।
- हात्तीपाईलेको औषधी खाएर आफु र आफ्नो सन्ततीलाई बचौं र बचाऔं ।

**स्वास्थ्य कार्यालय मोरंग**
**प्रदेश नं. १**




परिवर्तनको लागि क्राईम अपरेशन Crime Operation साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक:श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-८ कम्प्युटर लेआउट:विजय कु.मण्डल मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



## सम्पादकीय

# तथ्यांक संकलणमा ध्यान पुऱ्याऔं

नेपालमा जनगना शुरु १९६८ देखि शुरु भई एक दशक पार भई एघारौ दशकको जनगणना २०७८ सालमा हुने भएको छ। यहा सम्म आईपुग्दा अहिले पनि जनगणना तथ्यांकलाई नेपालमा बसोवास गरेका सवै जाति जातिका संघ संगठन जातिय संगठनहरुले त्यसलाई मिथ्यांक भन्दै आएको छ। तर नेपाल सरकारले त्यसको वेवास्ता गर्दै आएको छ। नेपालमा नयां संविधान जारी भएको पहिलो पटक संघिय, प्रदेश र स्थानीय सरकारको निगरानीमा २०७८ सालको जनगणनाको तयारी भई रहेको छ। सोही तयारीको क्रमा सात वटै प्रदेशका केही महानगर पालिका, नगर पालिका र गाउंपालिकाहरुमा नमुना जनगणना यही चैत ९ गते देखि २८ गते सम्म हुने भएको छ। पहिलो गरिएको जनगणनामा शिक्षककहरुलाई गणकको रुपमा प्रयोग गरेका थिए भने यस पालि शिक्षककहरुलाई नराखिने भएको एउटा राम्रो पक्ष छ। यसपालिको जनगणनामा सवै जातिको प्रतिनिधित्व हुने गरी गणक राखी जनगणना संकलन गर्नु लगाउनु पर्छ।

जनगणना संकलनका लागि स्थानीय सरकार संग समन्वय गरी स्थानीय ठाउंमा बसोवास गरेका सवै जातजातिका युवाहरुलाई संलग्न गराए जनगणनाको विश्वसनियता वढ्ने छ भने जनगणनाको वेला स्थानीयले पनि सहयोगीको भुमिका निभाउन आवश्यक छ। पछि अरुलाई गाली गर्नु भन्दा पछि वेलामै संचत हुन बुद्धिमानी हुन्छ। राज्यमा आ-आफ्नो उपस्थिति देखाउनका लागि आनम जनतामा प्रचार प्रसारको आवश्यक हुन्छ जसको लागि सरकारले सवै भाषा-भाषीमा प्रचार प्रसार गर्नु पर्दछ। जसले गर्दा जनगणना गर्दा सवै जातजातिको भाषा, संस्कृति पारिवारिक स्थिति समेत संकलन हुने छ। २०७८ को जनगणनालाई आम नेपालीले मिथ्यांक नभनेर तथ्यांक हो भन्ने तरीकावाट गराउनु पर्दछ।

नमूना जनगणना प्रदेश नं. १ मोरंग जिल्लाको विराटनगर महानग पालिका वडा नं. ८, जहदा गाउपालिकाको वडा नं. ३ र बेलवारी लगायतका ठाउंमा हुने भएकोले स्थानीय तह समेतले सोको वारेमा प्रचार प्रसार गरी सवैलाई नमुना जनगणनामा समेल गरी सवै जाति जाति अटाउने गरी गणक राखी तथ्यांक संकलन गराउनु पर्छ। जसले गर्दा तथ्यांक मिथ्यांक हुँदैन। तथ्यांकलाई तथ्यांकै वनाउन सवै जना लाग्न आवश्यक छ।

# कोरोना भाइरस सन्त्रास र वातावरण विनाशकारक

वर्तमानको विश्व, आधुनिक संचार संयन्त्रहरुको प्रविधिले मात्रै जोडिएको छैन प्रकृतिका अवयवहरुले पनि जोडिएको छ। एक ठाउँमा भएको प्रकृतिको विनास सर्वव्यापी हुन्छ।

नोवल कोरोना नाम दिइएको संक्रामक भाइरसले छिमेकी देश चीन निकै कठिन अवस्थामा परेको छ। हुनत, यस महामारी रोगको सन्त्रासले सबै देश काँपेका छन्, त्यसमा पनि छिमेकी हुनाका नाताले हामी नेपालीलाई ठूलै डर छ। चीनमा झैं फैलियो हाम्रोमा पनि भने-गुहार माग्नु बाहेक अर्को उपाय छैन। चिनियाँले झैं दुई दिनमै ठूलो अस्पताल भवन खडा गराउने हाम्रो क्षमता छैन।

यो हप्ता (१९ गते, २ फेब्रुअरी) विश्व सिमसार दिवस भएका कारण पनि हुन सक्छ केही विज्ञहरुले कोरोना भाइरसको उत्पत्ति कारणमा मुख्यत: प्रकृतिको अत्यधिक दोहनसँग जोडेर हेरेका छन्। भनिरहनु पर्दैन प्रकृतिको अधिक उपयोग चीनमा जति अन्यत्र सायदै होला। चिनियाँहरु नदीलाई उल्टो बगाई दिन्छन्।

चीनमा जत्रो ठूला बाँधहरु अन्यत्र पाउन मुस्किल छ। यी बाँधका कारण सिमसार क्षेत्र डुबानमा परे। चिसो ढाँव जुन नदी, खोलाका तटीय क्षेत्र हुन्, तालतलैयाका किनारा हुन्, यिनको विनाशबाट प्रकृतिमा पर्ने दुष्प्रभावका सम्बन्धमा धेरै कुरा लेखिएका छन्, भनिएका छन्। तर, तत्कालका जरुरी मानवीय आवश्यकता पूरा गर्न ती सबै बिर्सिएका छन्। यो विश्वव्यापी समस्या हो। सिमसारलाई पृथ्वीमा त्यत्तिकै महत्व दिनुपर्छ, जति मानव शरीरमा मृगौंला किड्नी पोरसनलाई दिइन्छ। मृगौंलाले नै हो-रक्त शुद्धीकरण गर्ने र मुटुमा स्वच्छ रक्त संचार गराउने।

पृथ्वीलाई जोगाउन, पर्यावरणीय सन्तुलन कायम गर्न र वातावरण स्वच्छ राख्न जैविक विविधता चाहिन्छ। यो जैविक विविधता जोगाइराख्न पनि वेट ल्याण्ड (चिसो भूमि) अर्थात् सिमसारकै अपरिहार्य छ। पानीको स्रोत बचाइराख्ने र शुद्धता कायम राख्ने अर्थात् जलको निर्मलीकरण गर्ने पनि सिमसारले नै हो। यस्तो महत्वपूर्ण प्रकृतिको अवदान भने मासिँदै गएको छ। यो एक चिन्ताको विषय हो।

सिमसार जोगाउने उद्देश्यका साथ इरानको रामसारमा भएको अन्तराष्ट्रिय अभिसन्धिमा नेपाल पनि संलग्न छ। अन्तराष्ट्रिय सन्धिमा प्रतिबद्धता जनाउने र राष्ट्रमा कागजी नीति बनाउने कुरामा त हामी कहीं पछि पर्दैनौं तर कार्यान्वयन गर्ने चासो र जाँगर भने देखाउँदैनौं। यो नै ठूलो समस्याको कुरा हो। र, यो एउटा राष्ट्रिय चरित्र नै बनेको छ।

कोशी टप्पुदेखि घोडाघोडी ताल लगायतका सिमसार क्षेत्रले राष्ट्रिय मात्रै होइन, अन्तराष्ट्रिय चरा चुरुङ्गीहरुलाई बास र खाना उपलब्ध गराएका छन्। साईबेरिया लगायतका ठाउँहरुबाट पाहुना चरा नेपाल आउँछन्। चल्ला यही हुर्काउँछन् र उड्न सक्ने बनाएर आफ्नो साविक घरमा फर्किन्छन्।

नेपालका ताल किनारका सिमसार अनमोल छन्। तर, यिनै अनमोल ठाउँहरु मानवीय अतिक्रमण र बेवकुफीले गर्दा हाम्रै अगाडि नाश भएका छन्। खास गरेर पोखरा उपत्यकाका तालहरुका सिमसार क्षेत्रहरु ताल वरिपरिका डाँडामा बाटो खन्ने डोजर र एस्काभेटर चलाएर सबै माटोले पुरिँदै गएका छन्। चरा विज्ञहरुको खोज तथ्यांकले के देखाएको छ भने विश्वमै लोप भएका अठार प्रजातिका चराहरु फेवातालको सिमसार क्षेत्र वरिपरि पाइन्छन्। तर, फेवातालमाथिको अतिक्रमण र दोहन हामी देखिरहेका छौं। संरक्षण गर्ने हल्ला गरिन्छ। बजेट सिद्धाइन्छ। तर, स्थिति भने बेहाल छ।

सबैको आँखा परेको र सर्वोच्च अदालतले समेत फेवाताल संरक्षणको लागि विभिन्न कार्यसम्पादन गर्न तिनै तहका सरकारका नाउँमा आदेश जारी गरेको त बर्बादीको डिलमा उभिएको छ भने रुपाताल, बेगनास ताल लगायत अरु स-साना तालका सिमसार क्षेत्र त्यसै उपेक्षित छन्।

वर्तमानको विश्व, आधुनिक संचार संयन्त्रहरुको प्रविधिले मात्रै जोडिएको छैन प्रकृतिका अवयवहरुले पनि जोडिएको छ। एक ठाउँमा भएको प्रकृतिको विनास सर्वव्यापी हुन्छ। लैटिन अमेरिका देश ब्राजिलको ओमेजन जंगलमा लागेको डढेलोको दुष्प्रभाव विश्वमै पऱ्यो। वनको मुख्य क्षेत्र ब्राजिलमा पर्ने भए पनि यो जंगल यति विशाल छ कि यूरोपको फ्रान्स लगायत सात देशमा फैलिएको छ। विश्वको लागि २० प्रतिशत अक्सिजन यही वनले उपलब्ध गराएको कुरा पनि विज्ञहरुले बताए। हामीलाई उपलब्ध हुने अक्सिजनमा ओमेजन जंगलको योगदान छ। यसरी बुझ्न सक्छौं कि प्रकृतिको विनाश तत्देशको मात्रै सरोकारको विषय होइन भन्ने कुरा।

फ्रान्सका राष्ट्रपति म्याक्रोनले त ब्राजिलका राष्ट्रपति बोल्सेनारोलाई वनमा डढेलो जानी बुझी लगाएको आरोप समेत लगाए। यो वनमा बस्ने ठूलो संख्याका आदिवासीलाई उठिबास लगाउन र विनाश गर्न नियोजित रुपमा गरिएको षड्यन्त्र भन्ने कुरा धेरै कोणबाट आवाज उठेको हो। यसमा विश्व जनमानस नै तरंगित र संवेदनशील हुनु स्वभाविक छ। किनभने माथि नै भनियो कि ओमेजन वनका वृक्षहरुले प्रदान गर्ने अक्सिजन पृथ्वीमा २० प्रतिशत छ। यो विश्व प्राणीजगतको जीवन आधारमध्ये एक हो।


अष्ट्रेलियाको जंगलको डढेलोले कति पशुपक्षी मरे भन्ने कुराको यस क्षेत्रमा अध्ययनरत विज्ञहरुका तथ्यांक डरलाग्दा छन्। विश्वकै वातावरण विषाक्त बनेको छ। लैटिन अमेरिकी क्षेत्रको ओमेजन वन र अष्ट्रेलियाको वनको डढेलो टीभीका स्क्रिनमा देख्दा पोल्ने हाम्रो मन हाम्रै देशको शिवहिल विनाशमा किन मुकदर्शक भएको हो?

हाम्रो चुरे पहाड श्रृंखलाको ठाउँ शिवलेक हो। यसलाई अंग्रेजीमा शिवहिल हुन्छ। नेपालमा अंग्रेजका राजदूत रहेका हड्सनले शिवालिक लेखेछन। अनि यही अपभ्रंश बोक्दै हामी हिँडेका छौं भन्ने (सायद सौरभले लेखेका हुनुपर्छ) पढेको पंक्तिकारलाई सम्झना भयो। शिवजीको नाम रहेको यो पहाडको ढुंगा बालुवा झिकेर विभत्स पारेपछि नेपालको तराई त मरुभूमिकरण हुन्छ नै यसको दुष्प्रभाव भारतको उत्तर प्रदेश बिहारमा पनि नपर्ने कुरै छैन।

प्रकृतिका स्रोत र साधन चाहिनेभन्दा बढी उपयोग नगरौं भन्ने आग्रह त छँदैछ तर चीनको हुवेई प्रान्तको उहान शहरबाट आगोको झिल्को झैं देखिएको प्राणघातक तथा अनियन्त्रित भाइरससँग चिनियाँ सरकार, त्यहाँका चिकित्सक र समग्रमा चिनियाँ जनता जसरी जुधिरहेका छन्, नियन्त्रणको प्रयत्नमा छन्, त्यसमा सबै सभ्य एवं मानवीय हृदय नतमस्तक हुनैपर्छ। चीनको यो विपत्लाई आफ्नो भाग्य चम्किएको ठान्ने केही पश्चिमा शक्ति खास गरेर अमेरिकी सोच अमानवीय हो। तर, यो संख्या कम छ। मानवीयता र अरुको विपदमा सहयोग गर्ने हृदय तथा हातको बहुमत छ।

कोरोना भाइरसको प्रभाव चातुर्दिक छ, सबै क्षेत्रमा नकारात्मक छ। विश्व अर्थ बजार हल्लिन थालेको छ। शेयर बजार गिरेको छ। संसारभरीका मानिसमा सन्त्रास छ। नेपालको त कुरै भएन। सन् २०२० को 'भ्रमण वर्ष' सुनसान छ।

उत्तरी नाका बन्द छन्। खाद्यान्न अभाव भन्नै परेन। सामान्य किसिमका मास्क पनि बजारमा अभाव भइसकेको छ। चीनमा रहेका नेपाली फर्काउन त पर्छ नै। उनीहरुसँगै कोरोना भाइरस भने नेपालमा नआवस्! सबैको अन्तरमनको कामना यही छ। र, यो पनि कामना छ कि यो महाशत्रुमाथि चिनियाँ जनताले चाँडै विजय गर्न सफल रहुन्! आदर्श डट कमबाट




## साप्ताहिक राशिफल

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)**भाग्यले राम्रो साथ दिनाले आँटेको काममा सफलता प्राप्त हुने देखिन्छ। सामाजिक काममा मान सम्मान समेत मिल्ने योग छ।

**वृष (इ, उ, ए, ओ, वा, वि, वु, वे, वो)** :आफन्त जनहरुसंग सुखद भेटघाट हुने। योग रहेको छ। परिवारमा राम्रो वतावरणको माहोल आउनुका साथै सन्तान सुख मिल्ने छ।

**मिथुन (क, कि, कु, घ, ङ, छ, के, को, ह)** :बोलीको योग लाग्ने रहेकाले होस पुऱ्याएर बोल्नुहोला। सामान्य वादविवाद एवं शत्रु वाधा देखिए तापनि जित तपाईकै हुनेछ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** : पारिवारिक सुख शान्ति प्राप्त हुनुका साथै भ्रमणको अवसर प्राप्त हुने प्रवल संम्भावना भएकोले विचार पुऱ्याई यात्रा गर्नु होला।

**सिंह (मा, मि, मु मे, मो, टा, टि, टु, टे)** : बालीको प्रभावले महत्वपूर्ण काममा समेत सफलता प्राप्तम हुने छ। स्वास्थ्यमा भने सामान्य अस्वस्थता आई पर्ने देखिन्छ।

**कन्या (टो, प, पी, पू, ष, ण, ठ, पे, पो)** :बौद्धिक तथा धार्मिक कार्यक्रमहरुमा सहभागिता जनाउनु पर्ने छ। अध्ययन अध्यापनको क्षेत्रमा राम्रो अभिरुभि उत्पन्न हुने छ।

**तुला (रा, री, रु, रे, रो, ता, ती, तु, ते)**:काममा प्रशस्त समस्या आइपर तापनि धैर्यको वाँध नटुट्नाले सफलता तपापईको हातमा हुनेछ। स्त्रीवर्ग बाट सहयोग मिल्ने छ

**वृश्चिक (तो, ना, नि, नू, ने, नो, या, यि, यू)**:आर्थिक हानिनोक्सानी एवं खर्च बृद्धि हुने छ। शाररिक रुपमा सामान्य अस्वस्पथता एवं मानसिक चिन्ताको समेत योग रहेको छ।

**धनु (यो, भा, भी, भू, ध, फा, ढ, भे)**: खानपिनका परिकार प्राप्त होलान्। इष्टमित्रहरुसँग भेटघाट हुनेर नयाँ कामको लागि पहल गर्ने समय छ।

**मकर (भो, जा, जी, जू, जे, ख, खि, खू, खे, गा, गी)**: परिवारको चिन्ताले सताउनुका साथै सानो तिनो वादविवाद समेत आई पर्ने छ। मनोरञ्न एवम विलासितामा अध्याधिक खर्च हुने छ।

**कुम्भ (गु, गे, गो, सा, सी, सु, से, सो, द)**: स्वास्थ्यमा सामान्य समस्या आई पर्न सक्छ। विचार पुऱ्याउनुहोला। खर्च बढ्ने तथा आन्दानीका स्रोतहरु मिल्नुका साथै सुख प्राप्तीको योग छ।

**मीन (दी, दु, थ, झ, ञ, दे, दो, च, ची)**::वादविवादमा विजय मिल्ने छ। भने शत्रुहरु परास्त हुनेछन। भ्रमण एवम साथीहरुवाट मन पर्ने उपहार समेत प्राप्त होला।

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

**दमकल**

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

**एम्बुलेन्स सेवा**

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर महा न.पा. ५२२२३६

**अस्पताल**

कोशी अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आाखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि. ०२१-५३६९४१, ५२२८७७ एम्बुलेन्स ९८०२७५३७१७, ९८०२७५३७०६

**प्रहरी**

पूर्वाञ्चल क्षे.प्र.का. ४३५००१
जिल्ला प्रहरी कार्यालय ५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर ५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली ८०१००/८०१३०
इ.प्र.का. उर्लाबारी ५४०००२
सिमा प्रहरी चौकी ४३५८४०

Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



# पिछड़ावर्गमि परैवाला 'कुशवाह' जायतके परिचय



श्याम सुन्दर सुतिहार

नेपालके भारतके सिमासे जुडल तराई मधेशके जिल्लाममे बसोवास हरल कुशवाह जायत मुख्य रुपम से जमिनसे जुडल कृषक जायतके मानल जाय हैं। एकर मुख्य काम खेती किसानी हैं। कुशवाह जायत खास करके कृषियोमे तरकारी(सब्जी) उब्जावे वाला, मधुमक्खी पालन करैवाला आर पशुपालन करैवाला जायत हैं। तरकारी उब्जान मात्रै नय ओकर बजारतक पहुँचाके विक्री वितरण सेहो करै है जेकरा आम भाषामे कोइरी सेहे कहल जाय हैं।

कुशवाह जायतके पुर्व मेची से पश्चिम महाकली तक तराई मधेशके भूभागमे बसोवास करल है। यी जायत समूह वसोवास करैवाला जात है। नेपालमे एकर संख्या २०६८ के तथ्यांक के आधारपर ३ लाख ६ हजार ३ सय ९३ देखल जाय है।

कुशवाह (कोइरी) जातिके एतिहासिक खोज करल गेलासे कुशवाह सव भगवान गौतम बुद्ध से भी अगाडीके देखल जाय है। यी जायत सव भारतके उत्तरी पूर्व भूभाग लगायत नेपालके तराई मधेशके प्राचीन वासीन्दा हैं। भारतके संविधान निर्माण करैवाला भीमराव अम्बेडकरले दलित जातिके इतिहास खोज करके लिखल अनुसार कुशवाह जायत बुद्धके समय पश्चात कुछ शताब्दी तक बुद्ध धर्म मानल रहल। बुद्धके मृत्यु पश्चात राजाके विरोध करैवाला पुरातणवी ब्राह्मणसव सम्भवत : बदला लियल उस्कावै के कारण बौद्ध धर्मके उद्‌गम आर बौद्धधर्म प्रचारीत क्षेत्र शाक्य आर कुलिय विपरीत भिषण अक्रमण करलगेल। राजा विरुद्धक सवके नोकरनी-वेटी कहीके कोनो सम अपमान करैके कारण शक्य मुनिसव आर भिक्षुसब भाइगके बौद्धकर्मके रक्षा आर प्रचार करैल आर आपन जान बचवैल भागे लागल। वही जगहमे रहवाला राजा सामु मुहमे लकडी राइखके आत्मसमर्पण करैवाला लकडी शाक्य कहल गेल और सव बस्तु मुखमे राइखके आत्मसमर्पण करैवालाके काक्षी, वृज आर कुश राइखके आत्समर्पण करैवाला के कुशवाह कहल गेल है।

वहिना कुशवाह जायत सव अपनेके अयोध्या के सुर्यवंशी राजा भगवान राके पुत्र कुशके वंशज हुवैके सेहो दावा कर है। वहिना भगवानबुद्ध, चन्द्रगुत मौय आर सम्राट अशोक सेहो कुशवाह वंशके है सेहो कहल जाय है।

नेपालमे कुशवाह सब दश समूहमे बसोवास कर है। जेकरामे दाङ्गी, कनौजिया, मघैया, तिरूहुतिया, हर्दिया, जरूहान, बभनियाँ, मथुरिया, रामानन्दी, बनाफार कहल जाय हैं। जेकरामे से मघैयाके उपस्थिति सवसे बेसी रहल है। मघैया सबके बसोवास नेपालके पुर्वी तराई मधेशके झापा जिल्ला से पर्सा जिल्ला तक मोटगर उपस्थिति है। पश्चिममे हर्दिया, बभनिया आर रामानन्दीसव बेसी बसोवास करल है। और बचल समुहमे दाङ्गी, कनौजिया, तिरहुतिया, जरुहान, मथुरिया आर बनाफार के संख्या कम है। शुरु-शुरुमे यी समुह सवके बीचमे विहावारी नै होत रहल हैं। कुशवाह जायतके नामके अगा लगवैवाला (उपाधी) टाईटल सव कोइरी, कुशवाह, महतो, मेहता, मौर्य, मुराव, सिंह, सिन्हा, वर्मा, शाक्य मण्डल, भगत, मुराउ लयायत १ सय ५० किसिमके उपाधी लगवै हैं। एखिनका समयमे कुशवाह जायत सव अपन परिचयमे अपन बंश भगवान रामके वेटा लव कुश मध्ये कुशके सन्तानके रुपमे वयान करहै।

कुशवाह जायत वौद्ध बंशी आर कुश वंश अपनेके कहैके कारण यी दोनो वंश शाकाहारी हुवैके कारण पौरानिक कालमे यी जायतसव घरमे माछ आर मौस खायल बर्जित रहल लेकिन एखनिका अवस्थामे शाकाहारी आर मानसाहारी दोना लोग समाजमे है। मुख्य रुपसे खानामे दाल, भात, आमके अचार, विभिन्न किसिमके तरकारी खाय है। वहिना पवनी आरमे दालपुरी, खिर, पटुवाकेसाँग, खरथुवाके साँग, तोरीके सांग तरवा-भूजवा, बरी-करही खायके चलन है। तरुवा आर भुजुवामे आल्लहु, कोबी, बैगन, पडोर, रामतोरिया, करेला, मरचाय, कद्‌दु, कैथा खाय हैं।

कुशवाह जायतके संस्कारसबमे जन्मसंस्कार, अन्नप्राशन संस्कार, मुण्डन संस्कार, मृत्यु संस्कार, व्रतबन्ध संस्कार करल जय है। विधि आर संस्कारसब और सव हिन्दु धर्म मानैवाला समुदायसव जयसन हि करै है। कुशवाह जायतके बच्चा धरतीमे आगमन भेलसे सर्व प्रथम संस्कार जन्म संस्कार है। छठी संस्कार, बच्चा जन्मलाके ६ दिनवाद करैवाला संस्कार, अन्प्राशन बच्चा जनमभेलसे ६ महिना पुगैकेवाद, मुण्डन संस्कार मतलव केश कटवेवाला संकार पांचवर्षके भित्रर करल जाय है। मुण्डन संस्कार देवी देवताके मन्दिरमे जाक करल जाय है। वहिना विवाह संस्कार भी धुमधामसे करल जाय हैं।

हिन्दु धर्म मानैवाला सभे पवनी सव बुशवाह जायत सव मनवै हैं। जसन कि समाचकेवा, जाटजाटी, लगपाँचे, थानपुजा, अनन्तपुजा, डिह पुजा, घडी पवनी, चौपहरा, सत्यनारायण पूजा, तुलसीपूजा, सतुवाइन, जुडसितल, शैनपूजा, बर-पिपलके पूजा, महादेवके पूजा, इन्द्र देवताके पूजा, गोवर्धन पूजा, लक्ष्मी पूजा, सरस्वती पूजा, दुर्गा पूजा, रामनवमी, छैठ पूजा, अखडीया, जन्माष्टमी, जितिया, चर्चन, सुकरतीय, छैठ, विहा पंचमी, तिलासंक्रती, रैव, सोम, मंगल, कुशके पूजा, शिवरात्री, फगुवा, सिरुवा लगायतके पवनी सव कर है।

कुशवाह जायतके राज्यके पहुँच संतोष जनक नय है। मुख्य पेशा हि खेती है। तरकारी खेतीमे निपुणता हासिल करल कुशवाह जायत राज्यके तरकारीके भार सफलता पूर्वक थाम है। जवन किसिमके तरकारी खेती कैरके राज्यके सेवा करहै वहिना किसिमके राज्य मुल्यांकन नय करैके देखल जाय है। राज्यमे कोना किसिमके पहुँच नय हुवैके कारण कुशवाह जाति वढलाके वाद भी सरकारी सेवा नय पावै है। कुशवाह जायत कोनो भी राजनीतिक दलके उच्च पदपर नय पुगल है। एखिनीयो मोरंगके कटहरी आर जहदा गाउ पालिका, सुनसरीके देवानगंज हरिनगर गाउंपालिका इनरुवा नगर पालिका, सिरहा जिल्लाके लहान, धनगढी, गोलबजार, सर्लाही, महोत्तरी, बरा, पर्सा, रौतहट लगायतके तराई मधेश क्षेत्र से तरकारी उत्पाद कैरके तरकारीके सुविधा पुगावै हैं। एते करते हुवे भी सरकार कुशवाह जायतके अवमुल्यन करै है। एकर व्यवस्थापनमे से सरकार ध्यान नै देवके कारण कृषि पेशा से कुशवाह जायत पलायत भ रहल है।



बेटा बेटी दोनो बराबर है। तै स बेटा बेटीमे भेदभाव नै कैरके दो के स्कुल भेजु।

## मगही भाषा

### मगही भाषा के कविता

**माया बजारमे भेटैछै**

काम करसे डरमानैछी

अनकर धर लो कौछी।

या चनन टिका लगा-लगाक,

अपेन आपके बाबा कहैछी-२

बुद्धके त अभाव नैछौ

छौ तोरा कपडाके अभाव।

या गाउवे-गाउवे भण्डय खाइन,

खाइत बइरगेलछौ मानसिक तनाव-२

एक हाथमे कमण्डलक और एक हाथमे

चुट्टा लक, बजवै छह कटर कटर।

घर आवैतन वेटा पुतौहपर बजै

छह, फटर फटर-२

दोसर बाबाजीक लचक्करमे

पइर चिलमो मे लगवै छहो हवा।

तोरा विमारी लगतो त के,

कहतो बाबा-२

**फुलगेन महतो**

## हार्दिक अनुरोध

जन्मदर्ता बालबालिकाको पहिलो अधिकार हो। जन्म, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद, मृत्यु दर्ता जस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं।

**व्यक्तिगत घटना दर्ता कहाँ गर्ने ?**
- जन्म, मृत्यु, विवाह, बसाई-सराई र सम्वन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरु घटेको ३५ दिन भित्र आफू बस्ने गाउँपालिकाका कार्यालयमा गई दर्ता गराउनु पर्छ।

**कसरी गर्ने ?**
गाउंपालिकामा निशुल्क पाईने फारम भरी घटना घटेको मितिले ३५ दिन भित्र घटना दर्ता गराउनु पदंछ ।

**व्यक्तिगत घटना दर्ता कसले गराउने**
- जन्म तथा मृत्युको घटना दर्ता परिवारका मुख्य व्यक्तिले।
- विवाह दर्ता, पति-पत्नी दुवैले।
- सम्बन्ध विच्छेद, पति वा पत्नीले।
- बसाई सराई, परिवार भए मुख्य व्यक्तिले र व्यक्ति भए बसाई सराई गरी जाने व्यक्तिले।

धनपालथान गाउँपालिकाको कार्यालय मोरंग

खुल्यो ! खुल्यो !! खुल्यो !!!

**सम्पूर्ण विशेषज्ञ सेवा सुविधाको साथमा वर्षै भरी डाईविटीज र प्रेसरको निःशुल्क जाँच गर्ने विराटनगरको घोघापुल चौक विराटनर-९ मा २०७६ साल असोज १ देखि जनरल हस्पिटल एण्ड ट्रमा केयर सेन्टर प्रा.लि. संचालन ल्याएको सहर्ष जानकारी गराउँदछौं।**

विशेषज्ञ सेवाहरु :- फिजिसियन तथा कार्डियोलोजि सेवा, हार्ड जोड्नी तथा नशा र बाथ रोग, नवजात शिशु तथा बालरोग, प्रसुती तथा स्त्री रोग, नाक, कान तथा घाँटी रोग, दन्त तथा मुख रोग,छाला कुष्ठ तथा यौन रोग, फिजियोथेरापी, मानसिक तथा नशा रोग, किड्नी पत्थरी तथा मुत्र रोग, आइ.सी.यू , एन.आइ. सी.यू, पि आइ.सी.यू, भेनटिलेटर, एक्सरे, अल्ट्रासाउण्ड, सर्जरी, इन्डोस्कोपी, टि.एम.टी, इकोकार्डियोग्राफी, होल्टर, इ.सी.जी.,ई.ई.जि., समान्य स्वास्थ्य परिक्षण र मधुमेहको परामर्श सेवा उपलब्ध छ।

**जनरल हस्पिटल एण्ड ट्रमा केयर सेन्टर प्रा.लि.** सम्पर्क : ०२१-४४०४०६०

Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



# देउताको विकल्प र भरोसा दे सरकार

छाउ प्रथाको त्रासमा बाँचिरहेको मध्य र सुदूरपश्चिम अहिले झनै ठूलो चपेटामा छ । 'दोस्रो दर्जाका महिला पनि अहिले झनै पीडामा छन् । छाउगोठ भत्काउन र छाउपडी प्रथा हटाउन सरकारले लिएको दृढ संकल्पले त्यहाँ सन्नाटा छाएको छ । अहिलेसम्म करिब १५ सयको हाराहारीमा छाउगोठ भत्काइएका छन् । छाउगोठ भत्काएपछि, महिनावारी बार्नका लागि पाल, ओडार, जस्ता झनै असुरक्षित स्थानको प्रयोग भएको छ । जसले गर्दा सबैतिरबाट सरकारको उक्त अभियानको आलोचना पनि थालिएको छ ।

अझ बढी त कर्णाली र सुदूरपश्चिका काठमाडौंमा बस्ने शिक्षितहरू नै यसको आलोचना गरिरहेका छन् । 'आफ्नो गाउँ आफै बनाऔं' भन्ने संकल्प भने उनीहरूमा छैन । उनीहरू भन्छन, छाउपडी त्यहाँको संस्कार बनिसकेको छ । यति सजिलै हट्ने देखिदैन । त्यसो भए संस्कार भनेर चुप लागेर बसिरहने त ? प्रश्न अनुत्तरित हुन्छ । उनीहरू परिवर्तन चाहेको बताउँछन् । कस्तो परिवर्तन, छाउपडी निर्मुल या सुधारिएको छाउपडी ? बोल्न सक्दैनन् । अर्कोतिर सरकारले बिना गृहकार्य छाउगोठ भत्काउने काम गर्यो । महिनावारी बार्न महिलाहरूको लागि विकल्प दिनु पर्थ्यो । तर, छाउगोठको विकल्पक के ? कसैले सुझाएको देखिएन । कसैले पनि आफ्ना घरका मानिसलाई देउता रिसाउँदैन, रिसाए हेरौंला भन्न सकेनन् ।

मध्य र सुदूरपश्चिमका जिल्ला पुगेका र महिनावारी बारिरहेका, छाउगोठमा बसेका महिलासंग प्रत्यक्ष कुराकानी गरेको र दुःख देखेको र बुझेको बताउने काठमाडौंका शिक्षितहरु भने सरकारको छाउगोठ भत्काउने कार्यको प्रशंसा गरिरहेका छन् । सरकार पनि मख्ख छ । छाउगोठमा बस्नु पर्दाको पीडा कति हुन्छ, देख्नेलाई भन्दा भोग्नेलाई थाहा हुन्छ । राजधानीबाट मात्र आवाज उठाएर केही हुदैन । सरकार जति कठोर बन्दै गयो, त्यहाँ महिलाको जनजीवन त्यति नै कष्टदायी बन्ने पक्का छ । पुरुषले त झन् यो विषयलाई महत्व दिदैनन् । जसले गर्दा मनरोगी महिलाको संख्या बढ्ने पक्का छ ।

छाउपडी प्रथाविरुद्ध जनस्तरबाट आवाज उठ्नुपर्छ । त्यो आवाज उठ्नका लागि सरकारले



केशवी जोशी

जनचेतनाको आवाज बुलन्द बनाउनु पर्छ । त्यहाँका छोरी, बुहारीले छाउ प्रथाकाविरुद्ध बोल्न नसकुन्जेल छाउपडी प्रथा हट्न सम्मभव छैन । आज छाउगोठ भत्काएर छाउपडी मुक्त घोषणा गरिएका गाउँ केही दिन मै छाउगोठयुक्त बन्ने छन् । अशिक्षा, जनचेतनाको अभाव, सरसफाईको अभाव र स्वाथ्य सेवाको अभाव भोगिरहेका ती गाउँहरूमा जब कोही बिरामी हुन्छ, पहिले उ धामी र पुरोहित कहाँ पुग्छ, अनि देउता रिसाएको देखिन्छ । कारण छाउ नबारेको देखिन्छ । अर्थात महिनावारी भएका बेला महिला घरमा बसेकोले त्यस्तो संकट आएको निक्यौंल गरिन्छ । बिरामी हुँदा धामी र पुरोहित भन्दा चिकित्सक कहाँ जान सक्ने अवस्था, औषधि सजिलै पाउँने अवस्था नहुन्जेल यो प्रथा कायम रहन्छ । किन कि जो कोही पनि बाच्न चाहान्छ, आफ्नो परिवारलाई बचाउन चाहान्छ । जसले जे सल्लाह दिन्छ उ त्यही मान्छ । उसंग बिरामी च्यापेर शहर, बजार जान सक्ने आर्थिक अवस्था हुदैन । अनि, उ पुरातन सोचमा बाँच्न विवश हुन्छ । गाउँमा धामी, झाक्री सजिलै उपलब्ध हुन्छन् । तिनीहरूको शरणमा जानुको विकल्प छैन । सामान्य रुघाखोखी, झाडापखाला लाग्दा र टाउको दुख्दा सिटामोलको अभाव खेपिरहेका त्यहाँका जनताले भगवानको भर नगरी कसको गर्ने ? सरकारले दरो भरोसा दिन नसकुन्जेल जस्तासुकै कार्यक्रम अगाडि ल्याए पनि छाउपडी प्रथा हटाउन गाह्रो छ । सरकारले भगवान भरोसाको विकल्प दिनुपर्छ । उचित शिक्षासंगै उचित स्वास्थ सेवा पनि दिनु पर्छ । नत्र देउता रिसाउने डर कहिले सकिदैन । अर्थात छाउगोठ बनिरहन्छन् । त्यहाँको आधारभूत आवश्यकता पुरा गरेर सरकारले म नै देउता हु, ममा विश्वास गर भन्नसक्नु पर्छ । अन्धविश्वासबाट बाहिर आउन सहयोग गर्नुपर्छ ।

खान, बस्न र लगाउने लुगाकै समस्या व्यहोरिरहेका परिवारहरूमा छाउ प्रथा झन् भयावह छ । सरकारको ध्यान त्यता जान जरुरी छ । छाउगोठबाट घरमा सुत्न सक्ने वातावरणको निर्माण गर्ने कार्य पनि सरकारकै हो । समाजबाट वा समाजका अगुवा, धामी, पुरोहितलाई सद्भावना दूत बनाएर उक्त वातावरणको निर्माण हुने अपेक्षा राख्न सकिन्छ, तर विश्वास हैन । किन भने उनीहरूको अन्तर आत्माबाट छाउ प्रथाको सोच जानसकेको हुदैन । अहिले सरकारको कर र डर दुवैबाट केही विचलित अवश्य भएका छन् । जुन द्वन्द्वकालमा देखिइसकेको हो । राम्ररी अध्ययन गर्ने हो भने त्यतिबेला बाहिर नआए पनि डर र त्रासका कारण छाउगोठबाट घरमा सुतेका किस्सा त्यहाँका केही महिलासंग छन् । तर, माओवादीले शान्तिको धार समातेसंगै त्यहाँको अवस्था पुरानै रहन पुग्यो ।

त्यस्तै, २० वर्षदेखि काम गर्दै आएका सरकारी र गैर सरकारी संगसंस्थाहरूले छाउपडी गोठ मुक्त घोषणा गरेका गाउँ फेरि पुरानै सोचमा फर्किएका उदाहरण पनि छन् । सकारले किन त्यस बारेमा अध्ययन गर्न जरुरी देखेन र मुढेबलले छाउगोठ भत्काउने अभियान अगाडि बढायो ? त्यसको शिकार महिलाहरू नै बन्न पुगे । किन कि छाउ प्रथा उनको मनको डर हो । वाध्यता र मायाका कारण उनीहरू आफू मरेर पनि परिवार बचाउन चाहान्छन् । तर, परिवार समाज भने उनीहरू मरे पनि हुन्छ तर, देउता भने रिसाउनु भएन सोच्छ । हो, यही सोचलाई भत्काउनु छ । तिमीहरूका बारेमा समाज सोच्दैन भने तिमीले समाजको ठेक्का किन लिने ? भनेर त्यहाँका दिदी बहिनीहरूको आवाज छाउ प्रथाविरुद्ध उठानउन सक्नु पर्छ ।

महिनावारी बार्न बनाएका छाउगोठ त देखिने थिए र भत्काउन सजिलो भयो । तर, छाउगोठ नभएका मध्य र सुदूरपश्चिमका जिल्लाहरूमा महिनावारी भएका महिला बाख्रा, गाई भैसीका गोठमा समेत सुत्ने गर्छन् । के यो अवस्था छाउगोठ भन्दा कम खतरनाक छ ? अब विचार गरौ, त्यहाँ कतिको सरसफाई होला, के ती महिलाहरूले सेनेटरी प्याडका बारेमा सुनेका होलान ? कतिपय ठाउँमा कट्टु लगाउने र कपडाको प्रयोग बारेमा समेत ज्ञान छैन । सेनेटरी प्याड किनेर प्रयोग गर्न सक्ने आर्थिक स्थिति गाउँमा पक्कै छैन । कट्टु र कपडाको प्रयोग गर्न सकिन्छ भनेर कसले सिकाउने ? यस्ता विषयमा बोल्नु भनेको त ठूलो कसरत गर्नु पर्छ । झन् मनाउन त सकस नै हुन्छ ।

जबसम्म त्यहाँका महिलाहरूको चेतना, आर्थिक र सामाजिक स्थिति पुरुषसरह पुग्दैन, छाउ प्रथाको अत्याचार बेहोरी रहन्छन् । तर, छाउगोठ त भत्काउन सकिन्छ । जुन कार्य सरकारले अहिले गरिरहेको छ । यो धेरै पहिले नै गरिसक्नु पर्थ्यो । कानून बनेको चार वर्ष हुनलाग्दा बल्ल सरकारले आट गर्यो तर, बिना अध्ययन । चार वर्षसम्म सरकार छाउपडी गोठविरुद्ध उजुरी पर्ला र कारबाही अगाडि बढाउने भन्दै बसिरह्यो । कसैले उजुरी गर्न सकेनन् । समाज र परिवारबाट अलग हुनुपर्ने डरले महिलाहरू चुपचाप महिनावारीको पीडा सहिरहेका छन् ।

समाजमा विद्रोह गर्ने साहस कसरी आउला र तिमी विद्रोह गर पछाडि म छु भन्ने को होला ? कत्तिको महिलामैत्री छ त्यहाँको समाज, जस्ता कुराहरूको बारेमा बुझ्न् जरुरी मानेन सरकारले । परिवारबिना कसरी बाँच्ने अनि, समाजबिना परिवार कसरी बस्ने ? समाजबाट अलग्गिनु भन्दा छोरी बुहारी त्याग्न सक्छ परिवार । तर यदि यो समस्या छोरा मान्छेको हुँदो हो भने समाज कायापलट हुन्थ्यो कि । (नोटः यो लेखकको नीजि विचार हो ।) महिला खबरबाट

# दश रुपियाँमा भरपेट खाना खुवाउने धाडेवा सम्मानित



बिराटनगर । दस रुपयाँमा पिछ्लो ५० दिन देखि निरन्तर पेट भरी खाना खुवाउदै आएका समाजसेवी दिलीप धरेवालाई भारत नेपाल सामाजिक संस्कृति मंच द्वारा सम्मान गरिएको छ ।

यस्तो महगों समयमा दस रुपयाँमा चिया पनि पाउँदैन तर तर समाजसेवी दिलीप घाडेवाले दस रुपयाँमा शुद्ध खानाको ब्यवस्थापन गरि समाजमा रहेका गरीब जनतालाई अदभुत सेवा प्रदान गरेको भन्दैले मंचका अध्यक्ष राजेश कुमार शर्माले सम्मानि गरेको छ ।

आशियान इंटरनेशनल जर्नालिस्ट काउंसिलका मेराज सिद्धकीले भने यस्तो सामाजिक कार्य बाट आउने पीढ़ीलाई निकैनै राम्रो संदेश पाउने बताए । हरेक दिन एक हजार भन्दा बढी जनालाई मात्र दस रुपयाँमा खाना खुवाएर आफैमा निकै नै प्रशंसाको पात्र बन्न पुगेको बताए ।

त्यस्तै बृहत मदेशी नागरिक समाजका अध्यक्ष सूर्यनाथ सिंह कुशवाहाले भने संस्कृति मंच द्वारा दुइटै देश बीच भौगोलिक स्तर बाट समाज सेवा गरि रहेकाहरुलाई खोजी खोजि सम्मानित गर्दा समाजमा अरु समाजिक कार्यकर्ताहरुलाई अझै उत्साहित हुने र आझ राम्रो गर्नलाई प्रेरणा मिल्ने बताए ।

धाडेवाद्वारा गरीब मजदूर सहित अन्य सबै वर्गी को नाम मात्रको राशिले गरिएको खानाको ब्यवस्थापनले पुरै सीमाँचल वासी नै गौरवान्वित भएको बताए । यस्तो समाजसेवीलाई पहिचान गरि मंचले सम्मानित गरि अझ राम्रो गर्न लाई प्रेरणा दिएकोमा साधुवादको संज्ञा दिए ।

दिलीप धडेवा सुरु देखि नै सेवामा सहयोग गर्दै आएका राजपाका जिल्ला अध्यक्ष महोमद कादिरले भने कुनै निसहाय भोकै नरहोस भन्ने एउटा सानो प्रयास मात्र रहेको बताए । सम्मान कार्यक्रममा मंच द्वारा निशुल्क खानाको ब्यवस्थापनमा सहयोग गर्दै आएका मोहम्मद कादिर, टिवंकल कुमारी, बिनीता धरेवा, शान्ति श्रेष्ठ सहित अन्य कार्यकर्ता लाइ आशियान इंटरनेशनल जर्नालिस्ट काउंसिलका मेराज सिद्धकी, नागरिक समाजका सूर्यनाथ सिंह, मंचका सचिव निर्मला देव, दीपक रायले संयुक्त रूपमा माला लगाएर सम्मानित गरिएको थियो ।

## नगरवासीमा अनुरोध

- मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थकर खाने कुराहरू नखाऔं ।
- उपभोक्ता हीत संरक्षणमा चनाखो बनौं ।
- छाला भएको मासु नखाऔं र बिक्री वितरणमा समेत निरूत्साहित गरौं ।
- अखाद्य रंग प्रयोग गरेका खाद्य पदार्थहरूको उपभोग बहिस्कार गरौं ।
- छाडा चौपायाको नियन्त्र गरौ, घरपालुवा चौपायाहरू छाडा नछाडौं ।
- सडक तथा पेटिकिनारामा आवागमनमा अवरोध हुने गरी निर्माण सामाग्री नराखौं तथा व्यापार व्यवसाय नगरौं ।
- बसोबास स्थल, टोलमा व्यवसायीकरूपमा पशुपालन कुखुरा पालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौ ।
- सवारी साधनहरू तोकिएको स्थानमा मात्र पार्किङ गरौ ।
- बालबालिकालाई काममा हैन विद्यालय पठाऔं ।
- बालश्रम शोषणविरूद्ध आचारसंहिता पालना गरौं बालश्रम शोषण मुक्त नगरको स्थापना गरौं ।
- सार्वजनिक स्थलमा जतातते फोहरमैला नफालौं ।
- आफ्नो घर वरपर बिरूवा रोपौं, हरित गाउं नगरीको रूपमा विकास गरौ

**सुनवर्सी नगर पालिकाको कार्यालय मोरंग**






Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



# राजवंशी समाज उत्थान केन्द्रीय समितिको १३ औं भेलाको अवसरमा मोटरसाईकल र्‍याली

**राजेश कुमार राजवंशी**

विराटनगर। राजवंशी समाज उत्थान केन्द्रीय समितिले फाल्गुन ६ गते गर्ने १३ औं भेलाको प्रचार-प्रसारका लागि शनिवार मोटर साईकल र्‍याली सम्पनन गरेको छ।

साजले २०६४ साल देखि निरन्तर रूपमा आफूहरुको जातिलाई आदीवासी जनजातिमा सुचिकृत लागायत का मागहरु उठाउदै आइरहेको छ। शनिवार विराट नगरको कन्चन्वारी देखि पोखरिया, शंकरपुर, गोग्राह, कोचाखाल, सरोचिया, पिछरा , मलहनुवा, दहरिया, बखरी ,बलुवाही, जतुवा, कटकुप्पा, बुधनगर, हरिनगरा, हथिबन्धा, बभनटोलि, जयरामपुर, बनर खोकिया, कदमटोलि, आदर्शटोल, जिरात, खोरिया, महेसपुर परिक्रमा गरी पुरानो बुधहाटमा कोणसभा गरेको थियो।

कोणसभाको सम्बोधन गर्दै राजवंशी समाज उत्थान केन्द्रीय समिति जिल्ला अध्यक्ष प्रदीप विस्वास राजवंशीले विराट राजवंशीलाई आदिवासी जनजाति प्रतिष्ठानमा सुचिकृत गराउनको लागि १३औ बृहत भेला गर्न गइरहेका छौं भनेका थिए। राजवंशी समाज उत्थान केन्द्रीय अध्यक्ष भुवनेस्वर मण्डल राजवंशीले हामी विराट राजवंशी विराटनगरको वरिपरि भएको हुनाले विराटनगरको प्रथम जातिको रूपमा विराट राजवंशीलाई घोषणा गर्नुपर्छ। थारु जातिलाई छुट्टै राना थारु लाई आदिवासी जन जातिमा सुचिकृत गरिएको छ बताए। अबको दिनमा विराट राजवंशीहरुले १३औ बृहत भेला पछी आन्दोलन गर्ने बताएका थिए। १३औ बृहत भेलाको संयोजक कुसेस्वर राजवंशीले फाल्गुन ६गते लागि सम्पुर्ण काम भएको जानकारी गराउनु भयो। मोटरसाइकल र्‍याली प्रचारप्रसार तथा सन्चार संयोजक राजेश कुमार राजवंशीको अध्यक्षतामा कोण सभा सम्पन्न भएको थियो।

त्यसैगरी विराट राजवंशीको चाहना, विराट प्रदेशको स्थापनाको नाराका साथ विराटनगर महानगर पालिकामा २०६४ साल निरन्तर रूपमा आवाज उठाउदै आइरहेको सबैमा अवगत नै छ। विराट राजवंशीहरुले उठाएको माग सरकारले अबिलम्ब सम्बोधन गर्नुपर्छ। विराट राजवंशीहरुको इतिहास हेर्ने हो भने धेरै टाढा जानु पर्दैन विराटनगरको भेडियारि गएर विराट राजाको दरवारलाइ हेर्दा हुन्छ। हजार वर्ष पहिले विराट राजाको दरवार भएकोले विराट राजवंशीहरुलाई अबिलम्ब आदिवासी जनजातिमा सुचिकृत गरी साथै विराटनगरमा आफ्नो विराट राजवंशी समाज उत्थान समिति बृहत भेला गरी विराट राजवंशीको एकता ,पहिचान, अधिकार, समृदि र स्वभिमारका लागि बृहत भेला गर्दै आएको छ।

विराट राजवंशी समुदायले सदियौ देखि जल, जमीन ,जङ्गल तथा विभिन्न प्राकृतिक विपदासग संघर्ष गर्दै आफ्नो अस्तित्वलाई जोगाउदै आइरहेकोले राज्यबाट पाउने अधिकार, सेवासुविधाहरु अरु जातिले पाउने सरह पाउनु पर्छ। शैक्षिक, सास्कृतिक ,राजनीति ,धार्मिक क्षेत्रमा पनि हाम्रो पहुँच हुनुपर्छ भन्ने विभिन्न कार्यक्रमहरु सभा, जुलुस ,ज्ञापनपत्र ,मानव साङलो, अनशन ,चक्का जाम गरी राज्यलाई घचघचाउदै आएका छ।

विराट राजवंशी यस क्षेत्रका आदिवासी जनजातिहरुका उत्थानका लागि अग्रनी भुमिका खेल्दै आएता पनि राज्यले अहिलेसम्म आदिवासी जनजातिको सुचीमा सुचिकृत नगर्नुले यस क्षेत्रका विभिन्न राजनीतिक दलहरू र सुचिकृत जातिहरुको नियत प्रती प्रस्न चिन्ह खडा भएको छ। अब आउने दिनहरुमा विराट राजवंशीहरुलाइ सचेत र सहज रहन तथा सम्बन्धि निकायलाई कुनै पनि प्रकारको सहयोग नगर्ने समेत बाध्य तुल्याएको छ। विराट राजवंशीहरुलाइ अबका दिनमा सौताको व्यवहार गरे वा राज्य बाट पाउने अधिकार र सेवा सुविधा बाट वन्चित गरेमा त्यसका निम्ति कडा भन्दा कडा प्रतिवाद गर्दै आन्दोलनमा उत्रने समितिको ठहर छ।

आन्दोलन बाट हुने क्षतिको जिम्मेवारी राज्यले नै लिनुपर्ने छ भनी जानकारी गराउन गराउंदै यस्तो सरकारलाई जगाउन र आफ्ना जायज मागहरू लाई पुरा गराउन फाल्गुन ६ गते का दिन विराटनगरमा बृहत भेला गर्ने भएको छ।

महानगर पालिकाका दक्षिण भारत नेपाल सिमाना नजिकै पर्ने भडियारिको पुरातात्त्विक विभाग दारा उत्खनन हुँदा हुदै स्थापित रहेको राजा विराटको दरवार विराटनगर आसपासको क्षेत्रमा मात्र बसोबास रहेको यस ठाँउको मुल आदिवासी विराट राजवंशी सामाजको जनसंख्या अन्य समाजको तुलनामा एकदमै न्यून रहेको छ। तीन दसक अगाडि विराट राजवंशीहरु सम्पन्न रूपमा रहेको देखिन्थ्यो। कृषि पेसामा आत्मनिर्भर रहेका विराट राजवंशीहरुमा जमिनदार प्रथा ,जमिनदार हरुले रैती शीत गर्ने व्यवहार यति मिलनसार रहेका थिए।

जसले गर्दा सामाजिक क्षेत्रमा राजवंशी जातिको राम्रो प्रतिष्ठा रहेको थियो। यति सरल र निस्वार्थ भावनाको रूपमा स्थापित रहेका विराट राजवंशी जाति राज्य पक्षको अपेक्षाले आज विराट राजवंशी समाजले अन्य जातिको अधिकार

वांकी अन्तिम पेजमा...

## स्वास्थ्य

# शरीरको शुद्धिकरण एक सरल उपाय

अचानक हामीमा आलस्य अनुभव हुन्छ ? अचानक अनुहारमा दाग, धब्बा देखापर्छ ? पाचन तन्त्र गडबडी हुन्छ ?

यदि त्यसो हो भने, हाम्रो शरीरमा विषाक्त तत्व बढेको छ। अब के गर्ने त ? कसरी शरीरबाट विषाक्त पदार्थ निकाल्ने ? कसरी शरीर शुद्धिकरण गर्ने ? यहाँ सामान्य विधी दिइएको छ।

१. बिहान मनतातो पानीमा कागतीको रस हालेर सेवन गरौं। दिनमा दुई वा तीन पटक ग्रीन टि सेवन गरौं। ग्रीन टिमा एन्टिअक्सिडेन्ट हुन्छ, जो स्वास्थ्यका लागि एकदमै फाइदाजनक हुन्छ।

२. थोरै पानीमा दालचीनीलाई भिजाएर रातभर राख्ने। यसलाई विहान उठेपछि थोरै अदुवा मिश्रण गरेर पिउनुपर्छ। यसले शरीरमा मेटाबोलिज्म वृद्धि हुन्छ र शरीरको मोटोपन कम हुन्छ।

३. राती सुत्नुअघि अलैंची, मरिच, जिरा, धनियाको बिज पानीमा डुबाउने। बिहान उठेर यस मिश्रणलाई राम्ररी उमालेर पिउनुपर्छ।

४. लसुनमा प्राकृतिक एन्टिबायोटिक गुण हुन्छ। यसले शरीरको विषाक्त पदार्थ बाहिर निकाल्छ।

५. मौसमी फलफूल स्वास्थ्यका लागि एकदमै फाइदाजनक हुन्छ। फलमा भिटामिन, फाइबर र आवश्यक पोषक तत्व हुन्छ, जो हामीलाई तन्दुरुस्त बनाउँछ।

सामग्री

- १ र ३ कप पानी
- १ टुक्रा अदुवा
- १ टुक्रा कांक्रा
- १ मुठा थनिया
- एक वटा कागति

कसरी बनाउने ?

- धनियालाई मसिनो टुक्रा गर्ने।
- कांक्रलाई पनि टुक्रा गर्ने।
- सबै सामाग्री ब्लेन्डरमा हालेर मिक्स गर्ने।
- अब यो पेय पिउनका लागि तयार भयो।
- यसमा स्वादको लागि मह पनि मिसाउन सकिन्छ।

हरेक रात सुत्नुअघि यस पेय पिउनुपर्छ। केहि दिनमा बेग्लै अनुभव गर्न सकिनेछ।

यी कुराबाट बचौं

- गुलियो खानेकुराबाट बचौं। चिनीको सेवन सकेसम्म कम गरौं।
- मदिराजन्य पदार्थबाट बचौं। सूर्तिजन्य एवं धुमपान सेवन नगरौं।
- बजारमा पाइने सब्जीहरुमा विषाक्त पदार्थ अधिक हुन्छ। सकेसम्म अर्ग्यानिक खानेकुरामा जोड दिनुपर्छ।
- बजारमा पाइने प्रशोधित खानेकुरा, चाउचाउ, विस्कुट, पानीपुरी, चटपटे, पकौडा, समोसा आदि खानेकुराले शरीरलाई विषाक्त बनाउँछ। अनलाईन

# हार्दिक श्रद्धाञ्जली







जन्म मिति : २००४ कार्तिक ६ गते

स्वर्गारोहन : २०७६ माघ २४ गते

**स्व. राम सुमारी देवी गुप्ता**

विराटनगर महानगर पालिका वडा नं. ९ बस्ने मेरो प्रिया मित्र श्री बैजनाथ कुमार गुप्ता, दाई श्री राज कुमार गुप्ता, श्री राजेश कुमार गुप्ता, श्री नारायण कुमार गुप्ता, भाई श्री प्रकाश कुमार गुप्ता, दिदी निर्मला देवी गुप्ताको आमा **राम सुमारी देवी गुप्ताको** वि.स.२०७६ साल माघ २४ गते शुक्रवारका दिन ७२ वर्षको उमेरमा असामयिक स्वर्गारोहणले सम्पूर्ण परिवार अत्यन्त मर्माहत तथा दुःखित् भएका छन्। यस दुःखद् घडीमा शोक सन्तप्त परिवारलाई धैर्य धारण गर्ने शक्ति मिलोस् भन्ने कामना सहित दिवंगत आत्माको चीरशान्तीको कामना गर्दै हार्दिक समबेदना प्रकट गर्दछौं।

**श्याम सुन्दर सुतिहार**
**एवम् क्राईम अपरेशन साप्ताहिक परिवार**

सुचना सुचना सुचना

१४

घर भाडामा दिँदा भाडामा लिने व्यक्तिसंस्थाको परिचय खुल्ने अद्यावधिक विवरणसहितको कागजात लिई भाडामा बसेको र छोडेको विवरण र जानकारी नजिकको स्थानीय प्रहरी इकाईमा अनिवार्य दिने गरौं।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधी मन्त्रालय
सूचना तथा प्रशारण विभाग

वेबसाईट, होस्टिङ, अनलाईन रेडियो, एस.एम. एस. तथा एस.एम. एस. भोटिङका साथै सफ्टवेयर एप्स चाहिएमा हामीलाई सम्फनुहोस।

सम्पर्कः
Websoft IT Nepal Pvt. Ltd.
Biratnagar, Morang
www.websoftitnepal.com
9842278940